Transport for NSW

# सडक सुरक्षा

## आफ्नो बच्चाको हात समाउनु होस्

तपाईंको बच्चा सजिलै विचलित हुन सक्छ र चालकहरू दृष्टीमा पर्नको लागि धेरै सानो हुन सक्छ। उनीहरूले जोखिमहरूको भविष्यवाणी गर्न वा पहिचान गर्न मद्दत गर्ने सीपहरू विकास गर्दै गरेका हुन्छन् र आवेगपूर्वक कार्य गर्न सक्छन्।

सधैं बाहिर भएको समयमा तपाईंको बच्चाको सुरक्षाको लागि एक वयस्क जिम्मेवार हुनुपर्छ।

फुटपाथमा गर्ने सुरक्षित व्यवहारको बारेमा आफ्नो बच्चासँग कुरा गर्नुहोस्। यो खेल्नको लागि सुरक्षित ठाउँ होइन किनकी यो सडकको नजिक छ र सवारी साधनहरू ड्राइभवेहरूमा प्रवेश गर्न वा त्यहाँबाट बाहिर निस्कन सक्छन्।

तपाईंको बच्चा कम्तिमा 8 वर्षको नभएसम्म, यी अवस्थाहरूमा उनीहरूको हात समात्नुहोस्:

- फुटपाथमा
- कार पार्कमा
- सडक पार गदा

त्यसपछि, कम्तिमा 10 वर्षको उमेरसम्म, आफ्नो बच्चालाई धेरै नजिकबाट निरीक्षण गर्नुहोस्, र सडक पार गर्दा उनीहरूको हात समात्नुहोस्।

यदि तपाईं आफ्नो बच्चासँग रहन सक्नुहुन्न भने, उनीहरूसँग हुनको लागि अर्को विश्वसनीय वयस्कको व्यवस्था गर्नुहोस्।

स्कूल दिनको अन्त्यमा, तपाईंको बच्चा उत्साहित, विचलित वा थकित हुन सक्छ र प्रायः उनीहरूको वरपर के भइरहेको छ भन्नेमा ध्यान केन्द्रित गर्दैनन्। तपाईंको बच्चालाई स्कूल गेटमा नै भेटेर उनीहरूलाई सुरक्षित राख्न मद्दत गर्नुहोस्। उनीहरूलाई सडक पारिको किनारमा कहिल्यै नबोलाउनुहोस्।

**बच्चाहरूले तपाईंबाट सुरक्षित सडक प्रयोगकर्ता बानीहरू सिक्छन् र एक्लै यात्रा गर्न सक्ने उमेर पुगेपछि पनि ती बानीहरूलाई जारी राख्छन्।**

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।




### किन्डरगार्टेनदेखि कक्षा 2 सम्म पढ्ने तपाईंको बच्चालाई सिकाउनको लागि प्रमुख सडक सुरक्षा सन्देशहरू

- वयस्कको हात समात्नुपर्छ जब:
  - तिमी सडक पार गर्छौ
  - तिमी फुटपाथमा छौ
  - तिमी कार पार्कमा छौ

### कक्षा 3 देखि 6 सम्मका तपाईंको बच्चालाई सिकाउनका लागि प्रमुख सडक सुरक्षा सन्देशहरू

- सडक पार गर्दा वयस्कको हात समात्नुपर्छ (कम्तिमा 10 बर्षको उमेर सम्म)
- सडक पार गर्न सुरक्षित ठाउँ प्रयोग गर
- **रोकिउ! हेर! सुन! सोच!** हरेक पटक जब तिमी सडक पार गर्छौ र सुरक्षित रूपमा पार नभएसम्म जाँच गरिरहनुपर्छ

स्टक कोड 45095273 जुन 2024 © NSW को लागि यातायात

NSW GOVERNMENT

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

TOWARDS ZERO